# समाचार सन्देश

वर्ष १५, अङ्क ४ आई.पी.एस्. लेख रचनाको सँगालो, चैत्र १९, २०६४ – बैशाख ३, २०६५ (अप्रिल १–१५, २००८)

## अफगानिस्तानको भय नेटोको गोप्य निर्णय

– क्लाउदिया सिआनु

बुखारेष्ट (आई.पी.एस्./एन्.पी.आई.) – नेटोको बुखारेष्ट सम्मेलनले अफगानिस्तानका लागि 'वृहद्' सुरक्षा रणनीति पारित गरेको छ । सार्वजनिक नगरिएको सो रणनीतिमा सेनालाई स्थानीय जनताका साथ हिँडाउने निर्णय भएको बुझिएको छ। अफगानिस्तानमा कति सेना राख्ने भनेर छलफल गरिएको भन्ने मात्र बाहिर आएको औपचारिक जानकारी हो ।

'म अन्तर्राष्ट्रिय समुदायप्रति धेरै आभारी छु,' अफगान राष्ट्रपति हमिद कारजायीले अप्रिल २ मा सम्मेलन चलिरहेका बेला पत्रकारलाई जानकारी गराए, 'हामी धेरै धन्यवाद दिन चाहन्छौं, त्यसले हामीलाई धेरै दिएको छ ।' उत्तर एटलान्टिक सन्धि संगठन (नेटो) को सम्मेलन जर्मन मार्सल फण्डले बुखारेष्टमा आयोजना गरेको थियो ।

'अफगानिस्तानमा हामी असफल भएका होइनौं, सफलता हासिल गरिरहेका छौं,' बैठकका बेला नेटो महासचिव जाप दे हुप सेफरले भने । उनी २००७ मा अफगानिस्तानमा भएको हत्याहिँसाको ठूलो परिमाणका सम्बन्धमा गरिएको प्रश्नको जबाफ दिँदै थिए ।

अफगानिस्तानको सुरक्षा तथा परिवर्तनका लागि तयार भएको नयाँ कागजातमा बुखारेष्ट सम्मेलनले हस्ताक्षर गरिसकेको छ । तर यसलाई सार्वजनिकीकरण वा घोषणा गर्नभने आनाकानी भैरहेको छ ।

सैनिक उपस्थिति गराएर शान्ति कायम गराउने अवधारणा असफल भएको देखिएपछि २००५ मा मस्यौदा गरिएको र २००६ को जनवरीमा पारित भएको अफगानिस्तान सम्झौता समष्ठीगत अवधारणाका रूपमा बाहिर आएको हो । समष्ठीगत अवधारणा भन्नाले शत्रुसँग युद्धगर्ने सन्दर्भलाई मात्र बुझ्नुहुन्न, अफगानिस्तानको शान्तिनिर्माणमा अफगानी सेना र नेतृत्वलाई तालिम, उनीहरूप्रति विश्वास बढ्ने वातावरणको निर्माण, पूर्वाधार र अर्थतन्त्रको विकास तथा छरछिमेकको संलग्नतासमेत यसमा पर्दछन् ।

बुखारेष्ट सम्मेलनमा नेटोका नेताहरू संयुक्त राज्य अमेरिका, युरोपेली संघ, विश्व बैंक र अफगानिस्तानको दीर्घकालिक समष्ठीगत राजनीतिक सैनिक योजनामा सघाउने दातृ निकायहरूको उपस्थिति थियो ।

सम्झौताको पूर्ण विवरण गोप्य राखिए तापनि नीतिगत निर्णयहरू भने रणनीतिक परिकल्पनाका रूपमा बाहिर ल्याइए । अफगान सरकार तथा अन्य अन्तर्राष्ट्रिय संगठनलाई सघाउने विषयमा केन्द्रित भएर निर्णय लिइएको जानकारी भने बाहिर आयो । परिकल्पनामा आगामी २०१० सम्ममा ८० हजार सबल अफगानी सेना गठन गरिने उल्लेख छ ।

तर सम्झौताको पूर्ण पाठ बाहिर नल्याइएकाले यो लक्ष्य प्राप्तिका लागि नेटोको नेतृत्व रहने हो वा अर्कै विधि अपनाइने हो, भन्नसकिने स्थिति छैन ।

'नेटो सैनिक सञ्जाल हो। यसले राजनीतिक तथा आर्थिक पक्षमा बोल्ने हैसियत राख्दैन,' न्युयोर्क विश्वविद्यालयका प्राध्यापक तथा अफगानिस्तानका विषयमा बहुचर्चित ब्लग चलाउने लेखक बार्नेट रबिनले भने। 'त्यसैले नेटोले जे सम्झौता गर्‍यो, सही अर्थमा सो कार्य गर्ने हैसियत यसले राख्दैन। विश्वमा

### अनुरोध

**'समाचार सन्देश' का सामग्री पुनः प्रकाशन/प्रसारणका लागि तयार पारिएका हुन् ।**

**हामी सबै क्षेत्रबाट रचनात्मक सुझाव, सल्लाह र प्रतिक्रियाको अपेक्षा गर्दछौं ।**

**– सम्पादक**

२० प्रतिशत सैनिक प्रभाव कायम राख्न सफल नेटो जसको नेतृत्व अमेरिकाको हातमा रहेको छ, ले सैनिक सुदृढीकरणका सम्बन्धमा भने निर्णय लिनु स्वाभाविकै देखिन्छ,' उनले भने ।

नेटो सम्मेलन चलिरहेका बेला र त्यसको ठीकअघि अफगानिस्तानमा थप सैनिक पठाइए, त्यसैका लागि सम्झौता पनि गरियो । पहिलादेखि सेना पठाउन आनाकानी गरिरहेका मुलुकहरूलाई त्यस प्रकारको अन्योल त्याग्न र अफगानिस्तानलाई सैनिक सहयोग गर्न आग्रह गरियो । आकस्मिक रूपमा आइपर्ने कठिनाइका कारण त्यहाँ सेना पठाउन आनाकानी सुरु भएको थियो ।

सम्मेलनअघि अफगानिस्तानमा ३९ मुलुकका ४७ हजार सेना कार्यरत थिए । यसैबीच ६ हजारदेखि १० हजारसम्म थप सैनिकको माग गरियो । फ्रान्सेली राष्ट्रपति निकोलस सारकोजीले संसद्ले ७०० सैनिक घटाउन आदेश दिएका कारण १ हजार मात्र सेना बढाएर पठाउन सकिने चेतावनी दिएका थिए । यद्यपि संयुक्त राज्य अमेरिका, पोल्याण्ड, बेल्जियम र रोमानियाले पनि सहयोग बढाउन सहमति देखाए ।

'तर यो माग गरेअनुसारको संख्या चाहिँ होइन,' दक्षिण अफगानिस्तानका हेलमाण्ड प्रान्तबाट हालै फर्केका विकास कार्यकर्ता डा. आना रेजिसनोभा भन्छन् 'सैनिकको संख्यातिर ध्यान केन्द्रित गर्नु वास्तविक समस्याबाट पलायन हुनु हो । अफगानिस्तानको समस्या सैनिक थप्दैमा समाधान हुने होइन । त्यहाँको वास्तविक समस्या विपन्नता, आर्थिक स्रोत-साधनको अभाव र अवसरबाट विमुख हुनुपर्ने स्थिति हो ।' उनका विचारमा अफगानिस्तानका जनताका लागि गुमाउनका लागि अब केही पनि बाँकी छैन ।

'नेटो सेना पठाउन त सक्नेछ तर अफगानिस्तानको आतङ्ककारी गतिविधि समाप्त पार्न र समस्या निवारण गर्नसक्ने छैन, किनभने समस्या आर्थिक र राजनीतिक मुद्दामा केन्द्रित छ,' रुबिन्सको विचारमा सहमति जनाउँदै पेजसिनोभाले आईपीएसलाई भने । 'विकास र सैनिकीकरणका लागि लगानी गरिएको रकमको भिन्नता हेर्दा पश्चिमलाई लाज लाग्नुपर्ने हो,'

अफगानिस्तानमा सक्रिय गैसस समूहको हालैको प्रतिवेदनले जम्मा २५ अर्ब डलर अफगानिस्तानको पुनर्निर्माणका लागि सहयोगस्वरूप प्राप्त हुनआएकोमा केवल १५ अर्ब डलर मात्र खर्च भयो, बाँकी रहेको ४० प्रतिशत सहयोग दातृ मुलुकमै तलव र कम्पनी मुनाफाका रूपमा फिर्ता भयो ।

त्यसो त नेटो स्वयंले अफगानिस्तानको पुनर्निर्माण, सैनिक कारवाही र विकास गतिविधि एकसाथ अघि बढाएपछि मात्र सम्भव हुने स्वीकार गर्दै थप आर्थिक सहयोगका लागि दातृ राष्ट्रहरूलाई आह्वान गरेको छ । तर अन्ना पेजसिनोभा सैनिकीकरणको अवधारणाले नै पुनर्निर्माणको सम्पूर्ण अभ्यास असफल बनाउनसक्छ भनेर चेतावनी दिन्छन् ।

'रणनीतिक परिकल्पना' कागजातका अनुसार नेटोको उपस्थिति 'तालिवान अथवा अलकायदाजस्ता अतिवादी तथा आतङ्ककारी समूहसँग लड्नका लागि' आवश्यक छ । तर पेजसिनोभाका विचारमा 'अतिवाद' को बिल्ला लगाउने कुरामै पुनर्विचार गर्नु ठीक हुन्छ । 'अधिकांश आक्रमण किन भैरहेको छ भनेर हेर्दा उनीहरू तलिवान भएका कारण आक्रमण गरिरहेका देखिँदैनन्, उनीहरू हतियारधारी बन्न पुगेको कारण पनि तालिवानीसँग सम्बन्धित छैन, उनीहरूका जमिन, सम्पत्ति, परिवार खोसिएको छ र अमेरिकी नेतृत्वको सेनाले जथाभावी बम आक्रमण गरेर सर्वसाधारणलाई समेत हताहत बनाएको छ, त्यसैले अफगानीहरू विद्रोही बन्ने अवस्था छ ।'

'पश्चिमको परम्परागत मानसिकताको सेना अपरम्परागत आक्रमणको शिकार भैरहेको छ, विद्रोहीलाई जनताले सहयोग गरेको अवस्थामा उनीहरू अर्काको मुलुकमा आएर भिडिरहेका छन् । उनीहरूका रणनीतिक लक्ष्यहरू हावा खाइरहेका छन्, विद्रोहीलाई पराजित गर्न कठिन भैरहेको छ । उनीहरूसँग प्रतिरोध गर्न स्थानीय व्यक्तिलाई भर्ना बढाइएको छ तर उनीहरूले विद्रोहीलाई नै बलियो बनाएको अवस्था छ ।'

यी सम्पूर्ण अवस्था हेर्दा के सुझाब दिन सकिन्छ भने अधिकभन्दा अधिक सहयोग सैनिक क्षेत्रबाट कटौती गरेर आर्थिक विकासका पक्षमा लगाउनु आवश्यक छ, यसले नै सही अर्थमा अफगानिस्तानको समस्या सुल्झाउने छ ।

आनो ब्लगमा बार्नेट रुबिन लेख्छन्, अफगानिस्तानमा शान्ति वहाल गर्न सेनामा केन्द्रित हुने होइन, आर्थिक विकासमा केन्द्रित हुनुपर्छ । 'अहिले अफगानिस्तानमा गहुँ र अन्य उपभोग्य सामग्रीको मूल्यले आकास छोएको छ, जनताहरू यसबाट बच्नका लागि अफिम र गाँजाको खेतीलाई नगदेबालीका रूपमा स्वीकार गरिरहेका छन् । यस्ता वस्तुको स्थानीय बजार विस्तार भैरहेको छ । अन्ततः लागू पदार्थको कारोबारले आतङ्ककारी गतिविधिमा मानिसलाई सरिक गराइरहेको छ ।

'अफगानिस्तानको गतिविधिले विश्वशान्ति खलबल्याउने सम्भावना देखेर सैनिक अवतरण गराउने अमेरिकाले यहाँको वास्तविक समस्या बुझ्न सकेको छैन, बुझेको भए नागरिकको जीवनस्तर सुधार्ने कार्यक्रम खै त ? यहाँका भोका पेट भर्ने खाद्यान्न आपूर्तिमा किन ध्यान नदिएको ? यस पक्षमा कम्तिमा त्यति ध्यान त दिनैपर्ने हो जति ध्यान नेटो सेनाका लागि दिइएको छ, यसो भएमा जनधनको क्षति र विविध जोखिमबाट पनि बच्न सकिने छ ।'

# बर्मेली कामदार थाइल्याण्ड नपुग्दै बने लाश

– मारवान माकन-मार्कर

बैंकक (**आई.पी.एस्. /एन्.पी.आई.**) – बर्माबाट हिँडेको मालबाहक शिलबन्दी ट्रक दक्षिणी थाइल्याण्डमा ल्याएर खोल्दा ५४ जना बर्मेली आप्रवासी कामदार निसासिएर मरेको श्रम अधिकार कर्मीले जनाए ।

थाइल्याण्डमा राम्रो जागिर पाइएला र जीवन आनन्दले बित्ला भनेर बर्मा छोडेका जम्मा १२२ जना कामदारमा ३६ महिला, एक आठ वर्षकी बालिका र १७ पुरुषको एकै चिहान भएको हो । उनीहरू चढेको ट्रक एकैचोटि थाइल्याण्डको पाङ्ना-फुकेट पुगेपछि यात्रु ओराल्न रोकिएको थियो ।

ढक्कनले बन्द गरिएको ट्रकमा कोचमकोच मानिस हालेपछि सास फेर्नका लागि एयरकण्डिसनको व्यवस्था गरिएको थियो, तर बाटामा एयरकण्डिसनले काम गरेन । भित्र रहेका यात्रु निसासिन थाले । उनीहरूले बारम्बार ट्रकको भित्ता बजाएर चालकको ध्यानाकर्षण गर्न खोजे, तर चालकले सुनेन अथवा सुनेर पनि महत्व दिएन । अन्तत: ठाउँमै पुगेपछि ट्रक रोकियो र खोलेर हेर्दा भयानक अवस्था देखियो ।

'हामीले अभिलेखमा राखेका यस्ता घटनामा यही नै सर्वाधिक ठूलो बर्मेली आप्रवासी कामदारको दुर्घटना हो,' निम्नस्तरका व्यक्तिका लागि मानवअधिकार शिक्षा तथा विकास नामक फङ्नास्थित बर्मेली आप्रवासी कामदारको अधिकारका क्षेत्रमा कार्यरत संस्थाका निर्देशक तु चितले भने । 'जे भयो निकै नराम्रो भयो, तर थप चिन्ता के भने बर्मेली कामदारलाई पीडा दिने यस्ता घटना बारम्बार भैरहन्छन्, नियन्त्रणको कुनै प्रयास भएको छैन ।'

'म यो घटनाप्रति आश्चर्यचकित छैन,' दक्षिणी थाइल्याण्डबाट उनले आईपीएसलाई टेलिफोनमा अन्तर्वार्ता दिँदै भने, 'यस्ता ट्रकहरू बारम्बार बर्माबाट थाइल्याण्ड भित्रिन्छन् र फुकेट-फाङ्नामा आएर रोकिन्छन्, त्यहाँ उनीहरूको माग पनि हुन्छ । कामदार ल्याउँदा २० जना अट्ने ट्रकमा ५०-६० जना कोचेर हालिएको हुन्छ ।

अन्तर्राष्ट्रिय श्रम संगठन (आइएलओ) ले चिन्ता प्रकट गर्दै भनेको छ, 'यस दुखद् घटनाले श्रमिकहरूको समस्या कति जटिल छ र यसभित्रका पक्षहरू कति गम्भीर छन्, भन्ने देखाएको छ ।' पूर्वी एसियाका लागि आइएलओ उपक्षेत्रीय निर्देशक बिल साल्टर आईपीएसलाई भन्छन्, 'आप्रवासी कामदारको गतिविधि बढाउने एक सञ्जाल नै छ, यसका केही पक्ष भने पूर्ण रूपले वसारपसारमा केन्द्रित छन् ।'

गत वर्षको डिसेम्बर महिनामा पनि थाई-बर्मेली सिमाना निकट फाङ्नाको उत्तरी क्षेत्रमा रहेको रानाङमा पनि यस्तै दुखद घटना भयो, २२ जना बर्मेली कामदार पानीमा डुबेर मरे । त्यसको ठीक एक महिनाअघि नोभेम्बर मा बैंककको दक्षिण-पश्चिमको पिचाबुरी प्रान्तमा भएको सडक दुर्घटनामा पनि श्रमिकहरू मारिए ।

बर्मामा सैनिक तानाशाही छ, कामको खोजीमा बर्मेलीहरू यसरी आनै जीवनमाथि खेलबाड गर्दै दशौं हजारको संख्यामा थाइल्याण्डमा प्रवेश गर्दछन् । एण्डामन सामुद्रिक किनारा बढी बर्मेली कामदार प्रवेश गर्ने क्षेत्र हो । यसरी ज्यान हत्केलामा राखेर थाइल्याण्ड प्रवेश गर्ने कामदार सधैं जोखिममा रहन्छन्, खासगरी मत्स्य उद्योग, निर्माण क्षेत्र र रबर तथा पाम-तेल खेतीका 'फोहोरी र खतरा' काममा उनीहरूलाई लगाइन्छ ।

बर्मेली कामदार सर्वाधिक भेटिने क्षेत्र भनेको ठूला भवन निर्माण क्षेत्र नै हो । थाइल्याण्डको चम्किलो पर्यटन उद्योग रहेको फाङ्ना-फुकेट सामुद्रिक क्षेत्रका निर्माणमा बर्मेली कामदारको बाहुल्य छ । मत्स्य उद्योगका क्षेत्रमा काम गर्ने बर्मेली पुरुषहरू समुद्रमा टाढा-टाढा डुंगामा सवार हुन्छन् र माछा मार्छन् भने महिला कारखानामा बसेर माछा प्रशोधन गर्ने काम गर्छन् ।

'मत्स्य उद्योगका क्षेत्रमा डर लाग्दो शोषण छ, बर्मेलीहरू थोरै पारिश्रमिकमा बढी घण्टा काम गर्न बाध्य छन्,' एक गैरसरकारी संस्था आप्रवासी मामिला कार्यक्रम प्रतिष्ठान (एमपिएएफ) का दक्षिणी कार्यक्षेत्र संयोजक सुट्फिफोङ्ग खाङकाथोन भन्छन् । 'मत्स्य उद्योगका क्षेत्रमा कार्यरत बर्मेली कामदारमा ८० प्रतिशतको दर्ता छैन । त्यसैले थाई कानुनले उनीहरूलाई कुनै प्रकारको सहयोग गर्दैन ।'

हालैका महिनाहरूमा 'हालैका महिनामा अत्यधिक परिमाणमा बर्मेली कामदार ठूलो जोखिम मोल्दै थाइल्याण्ड भित्रिने गरेका छन्,' सुट्फिफोङ्गले एक अन्तरवार्तामा भने, 'केही आधारहरू छन् जसले बर्मेली कामदारलाई यहाँ कानुनसम्मत ढङ्गले काम गर्न दिन्छ भन्ने विश्वास सही होइन ।'

बर्मामा सैनिक शासनका कारण अर्थतन्त्र कमजोर छ, त्यसैले नै देश छोड्दै रोजगारीका लागि बाहिर हिंड्ने कामदारहरूको संख्या बढेको हो । बर्मेली जुन्टा सरकारको हिँसात्मक गतिविधि सामान्य घटना हो, खासगरी अल्पसंख्यक जाति-जनजाति अधिक पीडामा छन् । उनीहरू नजिकै रहेको समृद्ध थाइल्याण्डमा कुनै पनि उपायले प्रवेश गर्न लालायित हुन्छन् ।

२००७ मा श्रम क्षेत्रमा कार्यरत सरकारी अधिकारी र गैससले जानकारी गराएअनुसार झण्डै २० लाख आप्रवासी कामदार थाइल्याण्डमा कार्यरत छन्, त्यसमध्ये करिव ७५ प्रतिशत बर्मेली नै छन् भने बाँकी क्याम्बोडिया र लावसबाट आएका छन् । त्यसमध्ये पाँच लाख कामदारको गत वर्ष वार्षिक प्रक्रिया अन्तरगत दर्ता गरियो, यसरी दर्ता भएका कामदारले आप्रवासी प्रमाणपत्र पाउँछन् र स्वास्थ्योपचारको सुविधा पनि प्राप्त गर्दछन् ।

थाइल्याण्डमा थाई नागरिकले काम गर्न नचाहने क्षेत्र नै बर्मेली कामदारको भागमा पर्दछ जसमा राम्रो पारिश्रमिक हुँदैन । यस्ता क्षेत्रहरू हुन्- कृषि, निर्माण, मत्स्य उद्योग, घरेलु कामकाज, तयारी पोशाक र खानी । दक्षिणका अतिरिक्त आप्रवासी कामदारको ठूलो संख्या बर्माको सीमा क्षेत्र उत्तर-पश्चिमको माए सटमा रहेको छ ।

आइएलओले गरेको एक अध्ययनअनुसार आप्रवासी कामदारले थाई अर्थतन्त्रमा उल्लेख्य योगदान दिएका छन् । 'थाई अर्थतन्त्रका हरेक क्षेत्रमा जति थाई नागरिकको योगदान छ उति नै आप्रवासीको पनि छ । थाई कुल ग्रार्हस्थ्य उत्पादनमा ११ अर्ब अमेरिकी डलर अर्थात् ६.२ प्रतिशत योगदान रहेको छ,' गत डिसेम्बर महिनामा प्रकाशित प्रतिवेदनमा भनिएको छ । थाइल्याण्डमा आप्रवाशी कामदारको योगदान: नीति निर्माणमा प्रभाव विषयक प्रतिवेदनमा सो जनाइएको हो ।

'थाइ कामदारको ७५ प्रतिशत रहेका विदेशी कामदार न्यून उत्पादक रहेका भए उनीहरूको योगदान केबल आठ अर्ब अमेरिकी डलर अर्थात् कुल ग्रार्हस्थ उत्पादनको पाँच प्रतिशतमात्र हुन पुग्थ्यो,' प्रतिवेदनमा भनिएको छ । 'आप्रवासी कामदारको योगदान सबै औद्योगिक क्षेत्रमा सातदेखि दश प्रतिशतसम्म रहेको छ भने चारदेखि पाँच प्रतिशत कृषि क्षेत्रमा मूल्य अभिबृद्धिमा योगदान पुऱ्याएको अवस्था छ' ।

अहिलेसम्म थाई-अर्थतन्त्रमा सकारात्मक योगदान पुऱ्याइरहेका आप्रवाशी कामदार प्रति कुनै सम्मानको व्यवहार छैन । बैंकक्ले बनाउने कानुनमा पनि आप्रवाशी कामदारको अधिकार र कल्याणका क्षेत्रमा ध्यान दिइँदैन । 'समस्याको सुरुवात उनीहरूप्रति हेर्ने दृष्टिकोणबाट हुन्छ । ठूलो परिमाणमा आम नागरिक आप्रवासी कामदारलाई नकारात्मक दृष्टिकोणले हेर्दछन्,' आइएलओका साल्टरले भने ।

अप्रिल महिनाको दोस्रो साता भएको दुःखद घटनाले आप्रवासी कामदारप्रति प्रवेशकै क्रममा हिँसा हुनेगरेको खुलासा भएको छ । 'अप्रवासी कामदारमाथि काम लगाउने मालिक र सरकारी कर्मचारी र प्रहरीहरूबाट दुर्व्यवहार हुने विश्वास आम जनताको छ । एमएपिएफका सुट्फिफोङ्ग भन्छन्- बर्मेली कामदारलाई जुन रूपमा ट्रकमा खाँदेर ल्याइयो त्यसका पछाडि पनि कुनै न कुनै मालिककै हात रहेको निश्चित छ । त्यस मालिकलाई स्थानीय प्रहरीले साथ नदिएको भए उसबाट यो काम सम्भव थिएन ।

# पाकिस्तानमा चल्नथाल्यो लोकतन्त्रको हावा

– बीणा सरवार

पाकिस्तान (आई.पी.एस्./एन्.पी.आई.) – पाकिस्तानका नयाँ प्रधानमन्त्री युसुफ राजा जिल्लानीले 'क्रान्तिकारी प्रस्ताव' अघि सारेका छन् । एकातिर 'आतङ्कविरुद्धको युद्ध' ले निरन्तरता पाउने छभने अर्कातिर पाकिस्तानमा लामो समयदेखि बन्द रहेको विद्यार्थी तथा व्यावसायिक संगठनमाथिको प्रतिबन्ध हट्नेछ । कामदारको न्यूनतम तलवमा वृद्धि, 'कालो' सञ्चार कानुनको खारेजी, किसानमाथिको नियन्त्रण र यस्तै अन्य दबाबमूलक कानुन खारेजीको घोषणा उनले गरेका छन् ।

प्रधानमन्त्री जिल्लानीले एक सय दिनको आनो कार्यक्रम सार्वजनिक गरेका छन् । उनले राष्ट्रियसभाबाट अपूर्व सर्वसम्मत अनुमोदन प्राप्त गरेका थिए । लामो समयसम्म सैनिक अधीनस्थ पाकिस्तानले हालै मात्र प्रजातन्त्रको खुला हावामा सास फेर्न पाएको हो ।

प्रजातन्त्रको आगमनपछि सञ्चारमाध्यमहरूको प्रस्तुतिमा भिन्नता देखिएको छ । लोकप्रिय टेलिभिजन च्यानेल जिओ टेलिभिजनले आन्तरिक विज्ञापनमा विभिन्न राजनीतिज्ञलाई ठट्टा गर्ने र हासाउने चित्रसहितको सामग्री प्रस्तुत गरेको छ । 'हाँसेर बाँच्नुहोस्' विज्ञापनको शीर्षक बनाइएको छ ।

पाकिस्तान विश्वको त्यस्तो मुलुक हो जसले पहिलो मुसलमान प्रधानमन्त्री दियो । बेनजिर भुट्टोले यो इतिहास निर्माण गर्नुभएको हो । अहिले संसद्मा पहिलो मुस्लिम महिला सभामुख हुनुहुन्छ । ५१ वर्षीया डा. फेहमिदा मिर्जा बादिन गृहनगरबाट तीन पटक निर्वाचित भैसकेकी महिला हुनुहुन्छ । बादिन भुट्टोको क्षेत्र सिन्धकै छिमेकी नगर हो । डा. फेहमिदा भुट्टोकी असल मित्रमध्ये एक हुन् । उनको नियुक्तिले पाकिस्तानी जनतालाई भुट्टोको झझल्को मेटाएको छ । स्वयं प्रधानमन्त्री गिल्लानीले संसद्को संवोधनमा दुई पटक 'सभामुख महोदय' भनेर सम्बोधन गर्नुपर्नेमा 'प्रधानमन्त्री महोदया' भनेर झुक्किनुभयो र जिब्रो चिप्लेकोमा माफी माग्नुभयो ।

भुट्टोको हत्याको छानबिन गर्न संयुक्त राष्ट्रसंघलाई आग्रह गर्दै प्रधानमन्त्री गिल्लानीले सम्बोधन गर्नुभएको थियो । भुट्टो गिल्लानीकै पार्टीकी नेता थिइन् ।

प्रधानमन्त्री गिल्लानीले राष्ट्रपति परवेज मुसर्रफले संकटकालको घोषणा गरी ३ नोभेम्बर २००७ मा अवकास दिइएको र गृहनजरबन्दमा राखेका सर्वोच्च अदालत र उच्च अदालतका न्यायाधीशलाई मुक्त गरिने घोषणा पनि गरे । संसदीय निर्वाचनपछि सत्तामा पुगेका दुई प्रमुख पार्टीको सहमतिअनुसार गिल्लानीले ३० दिनभित्र उनीहरूलाई पुनर्वहाली गर्न बाटो खोज्ने घोषणा गरेका हुन् ।

पूर्व सैनिक जनरल राष्ट्रपति मुसर्रफको 'एक व्यक्ति प्रभुत्व' का रूपमा चलेको शासनलाई अमेरिकी समर्थन प्राप्त थियो, राष्ट्रपतिका रूपमा उनलाई आजपनि सो समर्थन प्राप्त छ । तर त्यस समर्थनले बढी काम गर्ने अवस्था भने छैन । किनभने सम्पूर्ण निर्णय संसद्ले नै गरेअनुसार हुने सहमति मन्त्रिपरिषद्ले गरिसकेको छ ।

मुसर्रफले पनि बदलिंदो हावाको दिशा पहिचान गरेर त्यसलाई स्वीकार गरेका छन् । उनले सबैसँग वा कुनै पनि व्यक्तिसँग मिलेर काम गर्ने सहमति जनाएका छन् । 'कुनै पनि व्यक्ति' भन्नाले कुनैबेला उनले राजनीतिमा आउन दिन नचाहेका व्यक्ति पनि पर्दछन् ।

राष्ट्रपति मुसर्रफलाई उद्धरण गर्दै सञ्चारमाध्यमहरूले उल्लेख गरेअनुसार प्रजातन्त्रका पक्षमा चालिने कदम र संसद्ले लिएका निर्णयहरूप्रति उनको कुनै आपत्ति छैन । पहिलेको अवस्था भिन्न भएको र सरकारको संरचना अलग रहेकाले त्यसैअनुसार निर्णय लिइएको मात्र हो, उनको भनाइ भनी उद्धृत गरिएको छ ।

मुसर्रफको मेलमिलापको भाषाले उनलाई संसद्को मानसिकताबाट निकै टाढा हुत्याउने काम भने गर्दैन । २४ मार्चमा जब गिल्लानी निर्विरोध प्रधानमन्त्रीका लागि स्वीकृत भए, त्यस बेला समर्थनमा पाकिस्तान पिपुल्स पार्टीलाई शिखरमा पुर्‍याउने बेनजिर भुट्टोका १९ वर्षीय छोरा बिलावर भुट्टोले ताली पिटेको सबैले प्रसन्नताका साथ हेरेका थिए ।

'बेनजिर भुट्टो जिउदै छिन्, जिउदै छिन्' को नारा अहिले पनि पाकिस्तानीको कानमा गुञ्जिरहेको छ । अर्कातिर 'सत्ता छोड मुसरफ, सत्ता छोड' को नारालाई पनि मानिसहरूले बिर्सेका छैनन् । यो नारा राष्ट्रपति भवनमा पनि लगाइएको थियो । प्रधानमन्त्री गिल्लानीलाई राष्ट्रपतिका हैसियतले मुसरफले शपथ ग्रहण गराउने बेलामा पनि 'राष्ट्रपतिलाई सत्ता

छोड्न नाराबाजी गरिएको थियो। नाराहरूकै बीच मृदुभाषी प्रधानमन्त्रीले सफत ग्रहण भने गरेका थिए ।

शपथग्रहण गर्न उभिएका धेरैजसो मन्त्रीहरू मुसरफले बिनाअभियोग अथवा अभियोग लगाएर थुनामा राखेका तर अभियोग भने कहिल्यै प्रमाणित नभएका व्यक्तिहरू थिए । सपथ लिने-दिने अर्थात् मार्च १३ मा मन्त्रीहरूले हातपाखुरामा कालोफित्ता बाँधेर सपथ ग्रहण गराउने व्यक्ति विरुद्धको संकेत देखाएका थिए । उनीहरू राष्ट्रपति गैरकानुनी ढङ्गले सत्तामा बसिरहेको दाबी गरिरहेका थिए ।

गिल्लानी आफैं पाँच वर्षभन्दा लामो समयका लागि जेल परेका व्यक्ति हुन् । उनलाई पिपिपीका समर्थकहरूलाई सरकारी जागिर गैरकानुनी ढङ्गले दिलाएको आरोपमा २००१ मा जेल हालिएको थियो । उनलाई लगाइएको आरोप राजनीतिक आग्रहबाट ग्रसित थियो । उनले आफूलाई लागेको आरोपको खण्डन गरे तर यस विषयमा मुसरफसँग सफाइका लागि याचना गरेनन् । उनले स्वतन्त्रता र नागरिक अधिकारका लागि अवाज उठाइरहे ।

पाकिस्तानका गिल्लानी नै यस्ता पहिला व्यक्तिहुन् जो कमविकसित अर्ध-मरुभूमिको ग्रामीण क्षेत्र सेराइकीबाट आएका हुन् । यो क्षेत्र सुफी संस्कृति र लोक संस्कारका लागि प्रसिद्ध छ । दक्षिणी पञ्जाब र उत्तरी सिन्ध प्रान्तमा यो संस्कृति फैलिएको छ ।

मार्च १९ तारिखका दिन प्रधानमन्त्रीले विश्वासको मत प्राप्त गरे तब उनको भाषण सुनियो । उनले जुन कुरा बाहिर ल्याए पिपिपीको नीति निर्माणमा संलग्न व्यक्तिहरूका लागि पनि उनको भाषण अनौठो थियो । ‘उनले जे कुरो भने त्यो हामी विगत दुई वर्षदेखि पार्टीमा अभ्यास गरिरहेका छौं’, चर्चित अर्थशास्त्री काइसिर बेङ्गालीले आईपीएसलाई भने- तर मैले मस्यौदा देखेको थिइना, त्यसैले हामी पनि त्यसमा संलग्न छौं भन्ने मलाई थाहा थिएन ।

बेङगालीले प्रधानमन्त्रीको भाषणलाई ‘पुनर्ताजगी’ का रूपमा लिएका छन् । आठ वर्षयता यस प्रकारको नयाँपन महसुस गर्न नसकिएको र गरिबी, आवास, रोजगारीजस्ता विषयमा अप्राविधिक वा सामान्य भाषामा सरकारको नीति सार्वजनिक गरे । ‘अप्रत्याशित रूपमा हामीले यस्ता प्रधानमन्त्री पायौं जसले आम जनताका सवाललाई छोएको मात्र होइन आफैं ती विषयहरूबाट प्रभावित बनेर प्रकट भयो ।’ गिल्लानीले कामदारको न्यूनतम मासिक पारिश्रमिक पाकिस्तानी रुपियाँ ६ हजार अर्थात् एकसय अमेरिकी डलर हुने, गरिबका लागि रोजगारी र आवास परियोजना सुरु गरिने, गरिबलाई राहत दिने आनै कार्यालयबाट सुधार अभियान सुरु गरिने उर्जा वचत र वातावरण संरक्षण नीति अंगीकार गरिनेजस्ता विषयहरूमा उनले वचनबद्धता प्रकट गरे ।

केही टिप्पणीकारहरूले गिल्लानीले जे-जस्ता वचतबद्धता प्रकट गरे, त्यो पूरा गर्नका लागि उनीसँग जादुको छडी हुनुपर्छ भनेका छन् । यी विषयहरूमा काम गर्दै आएका र आर्थिक क्षेत्रमा अनुभव हासिल गरिसकेका बेङगाली ‘उनले देखाएका लक्ष्यहरू अवास्तविक छैनन्, पूरा गर्न नसकिने भन्न मिल्दैन,’ भन्छन् । ‘आवास, न्यूनतम ज्याला निर्धारण र रोजगारीजस्ता विषय बजेटमा आधारित छन् । यस्ता विषयमा अभ्यास हुँदै पनि आएको छ र यसमा लाग्ने खर्च निकाल्न नसकिने भन्ने छैन,’ उनले भनेका छन् ।

बेङ्गाली स्वयंले आवास तथा रोजगारीका क्षेत्रमा हासिल गरेको अनुभव देखाउँदै प्रधानमन्त्री गिल्लानीको उद्घोष केवल मुद्दाका लागि मुद्दा मात्र होइन भनेका छन् । उदाहरणका लागि उर्जाका क्षेत्रमा उनको दृष्टिकोण प्रष्ट छ । गिल्लानीको घोषणाअनुसार सरकारले साना बाँध बाँधेर जलविद्युत्को प्रबर्द्धन गर्ने जुन कुरा उठाएका छन्, त्यसले नीति परिवर्तनको संकेत गर्दछ । बेङ्गालीले विविध सम्भाव्यता देखिएको र विश्व बैंक तथा अन्य निकायहरूबाट लगानी हुनसक्ने सम्भावना पनि रहेको उल्लेख गर्दछन् । ‘अब यी विषयहरूलाई बाहिर ल्याउने बेला भएको छ,’ ।

गिल्लानीले ‘आतङ्कवादी’ र मुलुकको सीमा क्षेत्रमा हुने हिँसाको समस्याको राजनीतिक समाधान गर्न उनको सरकार सफल हुने उद्घोष गरेका छन् । यस समस्याको उपचार वर्तमान अवस्थामा सीमाक्षेत्रका आदिवासी बस्तीहरूमा लागू गर्ने गरिएको अंग्रेजको उपनिवेशकालीन कानुन लागू गरेर नहुने र आज यस क्षेत्रलाई पाकिस्तानको विकासको मूलधारबाटै अलग्याउने जुन काम भएको छ, त्यसमा तत्काल सुधार गरिने उनले जनाएका छन् । यस अतिरिक्त यस क्षेत्रका लागि विषेश आर्थिक परियोजना लागू गरिने र विकास तथा रोजगारी प्रबर्द्धन गरिने जानकारी उनले दिएका छन् ।

धर्मनिरपेक्ष अवामी राष्ट्रिय पार्टीजस्ता दलसँग सहकार्यगर्दै उत्तर-पश्चिम सीमा क्षेत्रको आदिवासीहरूका लागि लागू गरिएको प्रान्तीय प्रशासन र केन्द्रीय प्रशासन संकीर्ण मानसिकताका साथ अघि बढेको, धार्मिक रंग दिएर पक्षपात गरेको स्थितिमा छ ।

प्रधानमन्त्रीको उद्घोषप्रति समर्थनमा बोल्ने व्यक्तिहरू धेरै छन् । ‘बेलायतकालीन सीमा अपराध कानुन कलमले हिर्काएर बदल्न सकिन्न’ बेङ्गाली समीक्षा गर्दछन् । ‘ यसको वरिपरि थुप्रै संस्थाहरू छन् । वास्तविक पद्धति समातेर काम गर्नसक्नु पर्दछ । यसका लागि उचित निर्देशनको आवश्यकता छ ।’

पाकिस्तानको स्वतन्त्र मानवअधिकार आयोगले प्रेस वक्तव्य प्रकाशित गर्दै गिल्लानीको कदम ‘उद्देश्य तथा नीतिको उत्साहजनक घोषणा....आयोग सरकारले आना प्राथमिकताका विषयहरू पूर्ति गर्नका लागि गम्भीर आर्थिक चुनौतीको सामना गर्नुपर्ने, जनताको अधिकारको सुनिश्चितता बिना यी चुनौतीहरू पूरा हुन नसक्ने’ भनी टिप्पणी गरेको छ ।

पाकिस्तानका सर्वसाधारण जनता मुद्रास्फीतिको उच्च दरको चपेटमा परेका छन् तापनि उनीहरूको वरिपरि बगिरहेको हावामा प्रजातन्त्रको उमङ्ग आइरहेको अनुभव गर्न थालेका छन् ।

# चामलको अभावमा फिलिपिन्सको छटपटी

– स्टेला गोञ्जालेज

मनिला (**आई.पी.एस्./एन्.पी.आई.**) – फिलिपिन्सका फास्टफुड पसलमा खानाको अडर गर्दा आधाजसो खाद्यवस्तु चामलसँगै सम्बन्धित पाइन्छ । खासगरी बाफमा पकाएको चामल छुट्दैन । चामल सबैको रुचिको विषय बनेको हुन्छ । राष्ट्रपति ग्लोरिया माकापागल आरोयो पनि हिजोआज चामलमै केन्द्रित छिन् । उनी मुलुकका ठूला व्यापारीको गोदाम-गोदाम चाहारेर कतै अवैध तरिकाले कसैले चामल लुकाएको पो छ कि भनेर खोजी गरिरहेकी छन् ।

तर के मुलुकमा साँच्चिकै चामलको अभाव भएकै हो त ? कि त बेइमान व्यापारीहरूले अबैध तरिकाले चामल लुकाएर कृत्रिम अभाव सिर्जना गरेका हुन् ?

अर्थशास्त्री सिलिटो हाबिटो वर्तमान स्थितिप्रति आक्रोशित मुद्रा बनाउँछन्, सरकारले एकातिर १० प्रतिशतले धान बढी फलेको आँकडा दिइरहेको छ, अर्कातिर आपूर्ति नियन्त्रण गरिएको पनि बताउँछ । सरकारको आँकडा गलत हो कि व्यवस्थापनको कमजोरी हो ?

यस आशंकापूर्ण तथ्याङ्कका कारण हाम्रा कुल ग्रार्हस्थ उत्पादनको अङ्कमा पनि प्रश्न उठ्ने भएको छ । कुल ग्रार्हस्थ उत्पादनको आँकडा ठीक र चामलको आँकडा चाहिँ बेठीक भनेर कसरी विश्वास गर्ने, हाबिटोले आईपीएसलाई भने ।

धान उत्पादनको तथ्याङ्क सही होभने व्यापारीहरूले अनुचित मुनाफाका लागि चामल गोदाममा भरेका छन् भन्नैपर्छ । नाफाखोरहरू भोलि जहाँबाट बढी मुनाफा पाउँछन्, त्यहीँ आपूर्ति गरिदिन्छन्, हाबिटोले भने ।

अनौठो संयोगको जानकारी गराउँदै उनी भन्छन्, जब विदेशमा चामल आपूर्ति घट्यो भनेर सञ्चारमाध्यममा समाचार प्रकाशित भयो, यहाँ पनि अभाव सिर्जना गरियो । व्यापारीलाई अहिले चामल लुकाऊ, पछि भाउ बढ्नेवाला छ, अनि बेचौला भनेर सिकाएजस्तै भयो, हाविटो कृत्रिम अभाव गरिएकोमा विश्वस्त छन् ।

हाबिटो मुलुकले १९९५ को खाद्यान्न अभाव सहेका बेला आर्थिक योजना सचिव रहेर कार्य गरिसकेका व्यक्ति हुन् । त्यो बेला प्राकृतिक प्रतिकूलताका कारण उब्जनी नै हुन सकेको थिएन । राष्ष्यि खाद्य संस्थान (एनएफए) ले पनि खाद्यान्न आयात गर्ने विषयमा ठीक निर्णय लिन सकेको थिएन । अवस्थाको दुरूपयोग गर्दै नाफाखोरहरूले त्यो बेला उपभोक्तालाई चुस्नसम्म चुसे । त्यस बेला आजको जस्तो अन्य मुलुकहरूले खाद्यान्न निर्यातमा नियन्त्रण गरेका थिएनन्, त्यसैले समयमै सरकारले स्थितिलाई नियन्त्रणमा लिनसक्यो ।

यस्तो समस्याको समाधान गर्ने भरपर्दो उपाय चामल बाहिरी मुलुकबाट आयात गर्नु नै हो । यस पटक पनि सरकारले भियतनाम, थाइल्याण्ड र अमेरिकाबाट २२ लाख मेट्रिक टन चामल मगाउने भएको छ । यो परिमाण १९९८ यताको सबैभन्दा ठूलो परिमाण हो ।

फिलिपिन्सले चामल आयात नगरेको प्राय: उदाहरण छैन, सधैं नै बेसाहा खाने गर्दछ । कहिले काहीँ केही समयका लागि भने आत्मनिर्भरको अवस्था पनि नदेखिने होइन । तर यो अस्थायी अवस्था मात्र हो । यस सम्बन्धमा अनौठो कुरा के भने मुलुकलाई खाद्यान्नमा आत्मनिर्भर बनाउने प्रयास भएको छैन । यस सम्बन्धमा काम गर्ने अन्तर्राष्ट्रिय चामल अनुसन्धान प्रतिष्ठान र फिलिपिनी चामल अनुसन्धान प्रतिष्ठान केही गर्न सफल देखिएनन् ।

दशकौंअघि फिलिपिन्समा आएर भियतनामी र थाई विद्यार्थीले धान उत्पादन गर्ने विधि सिकेर आफ्नो मुलुकमा सो प्रविधि अपनाई आत्मनिर्भर भएका छन् । तर फिलिपिन्स भने विश्वमै सबैभन्दा अधिक चामल आयात गर्ने मुलुकमा पर्दछ । यसले तिनै मुलुकबाट पनि चामल मगाइरहेको छ जसलाई यसले खेती गर्न सिकाएको थियो ।

स्थानीय धानको उत्पादन सीमित परिमाणमा मात्र छ र यसको प्रतिहेक्टर उत्पादकत्व पनि निकै न्यून छ । करिब तीन मेट्रिक टन मात्र । आईआरआरआईका अनुसार बढीमा ३.४ मेट्रिक टनभन्दा अधिक उत्पादन हुँदैन ।

उत्पादनशील जमिन अन्य प्रयोजनमा लगाइएका छन्, कतै घर बनेका छन् भने कतै व्यापारिक प्रयोजनका लागि दिइएका छन् । भएका जमिनमा पनि खेती गर्न कृषक उत्साहित छैनन्, उनीहरूको लगानी र परिश्रम उठ्दैन । सिचाइको प्रबन्ध मिलाउन झण्झट छ भने धानको बिक्री मूल्य अत्यन्त न्यून छ ।

खाद्यान्न आपूर्तिको जिम्मेबारी पाएको एनएफएले पनि कृषकबाट धान नै खरिद गर्ने हो । गत वर्ष एक करोड २२ लाख ४० हजार मेट्रिक टन धान उत्पादन भएकोमा करिव एक प्रतिशत मात्र सरकारले खरिद गऱ्यो । अन्ततः कृषकहरू व्यापारीहरूको चंगुलमा फस्न पुगे ।

अप्रिलको सुरुमा राष्ट्रपति आरोयोले एनएफएलाई अधिक मूल्य तिरेर धान किन्न आदेश दिइन्, कृषकले प्रतिकिलो १२ पेसो (०.२८ डलर) मा धान विक्री गर्ने गरेकोमा १७ पेसो (०.४० डलर) पाए ।

यो एक अल्पकालीन समाधान हो, ह्याविटोले भने, यसबाट कृषक खेतीमा आकर्षित हुनेछन्, उत्पादन बढ्नेछ । तर मूल प्रश्न के हो भने के सरकारले दिएको यो प्रोत्साहनका कारण व्यापारीहरूबाट पनि सोही बराबरको मूल्य लिन कृषक सफल होलान् त ?

सरकारले मुस्किलले दुई प्रतिशत धान खरीद गर्ने गरेको छ, यसले धानको बजार मूल्यलाई कत्ति पनि प्रभाव पार्नसक्तैन ।

बयान मुना (जनता अगाडि) पार्टीका प्रतिनिधि सातुर ओकाम्पो एनएफएले आफ्नो खरिद क्षमता बढाउनैपर्छ भन्छन् । सरकारले वृद्धि गरेको मूल्य निरपेक्ष हुनआउँछ, तर बजारमा धान चामलका व्यापारीहरूको एकाधिकार जहाँको त्यहीं छ, उनले भने ।

चामलको बजारलाई प्रभावित पार्ने अथवा कृषकलाई सघाउने हो भने कम्तिमा एनएफएले २५ प्रतिशत धान खरिद गरिदिनुपर्छ ।

हाविटोजस्ता अर्थशास्त्री एनएफएले विदेशबाट चामल मगाउने जुन एकाधिकार पाएको छ, त्यो खुला हुनुपर्छ भन्छन् । जो सुकैले बाहिरबाट चामल मगाउन पाउने हो भने बजार मूल्य स्वत: सन्तुलनमा आउने उनको विचार छ । एफएनए आफ्नै मनगढन्ते तथ्याङ्कका आधारमा आफूखुसी चामल आयात गर्दछ, उनले भने । यदि सरकार चामलको अभावसँग जुध्ने तयारी गरिरहेको हो भने ऊभन्दा अगाडि यस कुराको अनुमान निजी क्षेत्रका व्यापारीले लगाइसकेका हुनेछन् । आयातमा निजी क्षेत्रलाई खुला अवसर दिइयो भने सरकारले भन्दा पहिला निजी क्षेत्रले आपूर्ति गर्नेछ ।

चामल आपूर्तिमा नियन्त्रण गरिएका सम्बन्धमा एनएफएको जबाफ फरक छ, सरकारले बाहिरबाट मगाएको चामल दुई केजीको एक पोका बनाई प्रति किलोग्राम १८.८५ पेसो (०.४५ डलर) मा बिक्री गर्दछ । अन्न खुद्रा बिक्री वितरण गर्ने समूहका अनुसार, रिप्याकिङ्को लागतमात्र थप गरिएको छ । बाहिरबाट आउँदा ठूलो बोरामा प्याकिङ भएर भित्रिन्छ ।

एनएफएले उपभोक्तालाई प्रत्यक्षत: चामल बेच्ने पनि आदेश पाएको छ । राम्रो चामल उपभोक्ताले २२ पेसो (०.५ डलर) मा बिक्री गर्दछ तर यस मूल्यमा चामल किन्न खोज्नेहरू प्राय: रित्तै घर फर्किने गर्दछन् । यस स्तरको चामल कमसल जातको अर्को चामल मिसाइएको र नमिसाइएको भिन्न प्रकारमा पाइन्छ । कति ठाउँमा सरकारले २२ पेसोमा बेच्ने गरेको चामल बाहिर व्यापारीहरूले त्योभन्दा चर्को मूल्य लिएर विक्री गरिरहेका हुन्छन् ।

हाबिटो सरकारले यस समस्याको दीर्घकालिक समाधान खोज्नुपर्ने धारणा राख्दछन् । उनका अनुसार धानको उत्पादकत्व बढाउन सिंचाइको प्रबन्ध गर्नु, कृषकलाई रिन दिनु र चामल व्यापार व्यवस्थापन गर्नु आवश्यक छ । अहिले प्रभावहीन सानो व्यापारीले पनि बजार प्रदूषित गर्ने अवस्था छ ।

सरकारले बजार व्यवस्थापनमा ध्यान नदिएका कारण कृषक मर्कामा परेका र नाफाखोर व्यापारीहरू लाभान्वित बनेका छन् । व्यापारीहरू कृषकलाई ऋण दिन्छन् र सस्तोमा धान किन्ने गर्दछन् । खाद्यान्न सम्मेलनका बेला आरोयोले मलखाद, सिंचाइ र पूर्वाधारहरूको विकासमा लगानी बढाइरहेको जानकारी दिइन् । बढी उत्पादन हुने बिउ, ऋण, शिक्षा र अनुसन्धानबाट कृषकलाई लाभान्वित बनाउने सरकारको योजना पनि सुनाइन् ।

कृषि क्षेत्रमा सरकारले जेजति लगानी गरिसकें भनेको छ त्यसको परिणाम हेर्न केही समय पर्खिनु पर्दछ । आरोयोले सम्बोधन गरेको एक दिनपछि फिलिपिन्सको किसान समूह किलुसाङ् माङ्बुबु किडले गतवर्ष तीन अर्ब पेसो (७ करोड १० लाख डलर) सिंचाईको क्षेत्रमा लगानी गरिएको भनिएकोमा त्यसको हिसाब किताब चाहियो भनिरहेको छ ।

# यातनाका साथ साबिति बयान आशंकाको विषय

– ब्लेक इभान्स-प्रिचार्ड

खार्तुम (आई.पी.एस्./एन्.पी.आई.) - २००६ मा सुडानका एक प्रसिद्ध पत्रकारको हत्याका दोषी करार गरिएका १० डारफुरवासीलाई यातना दिएर प्रहरीले जबरजस्ती सजाय कबुल गराएकाले मृत्युदण्डको सजाय गरिनुहुन्न र उनीहरूलाई लगाइएको सजाय खारेज हुनुपर्छ भनेर अधिवक्ताहरूले दाबी गरेका छन् । उनीहरू यस घटनालाई अघि सार्दै मृत्युदण्डको सजाय सुनाइएका अन्य बन्दीहरू पनि यस्तै लापर्वाहीको शिकार भएका त छैनन् भनी प्रश्न उठाउँछन् ।

दैनिक 'अल-विफाक' का सुप्रसिद्ध सम्पादक मोहम्मद ताहालाई २००७ को नोभेम्बर महिनामा हत्या गरेको अभियोगमा १० व्यक्तिलाई मृत्युदण्डको सजाय दिइएको थियो । उनलाई इस्लाम धर्मगुरु प्रोफेट महम्मद कहाँका व्यक्ति थिए भन्ने विषयमा २००५ को मे महिनामा लेखेर धर्मविरुद्धको कार्य गरेको आरोप लगाइएको थियो । पछि उनको मुद्दा खारेज पनि भयो, तर उग्र मानसिकताका व्यक्तिहरूले उनलाई मृत्युदण्ड हुनुपर्छ भनेर माग गरिरहे ।

१० जना अभियुक्तले गएको मार्च ८ तारिखका दिन माफीका लागि विन्तीपत्र पनि हालेका थिए तर उनीहरूको अनुरोध स्वीकार गरिएन । अब उनीहरूले जाँने एक मात्र ठाउँ संवैधानिक अदालत मात्र छ ।

यातना दिएर अपराध कबुल गराएको जो आरोप छ, त्यसले विश्वसनीय मुद्दाहरूलाई पनि उल्झनमा पार्ने गरेको छ । कानुनी प्रक्रिया आदर्श तरिकाले अघि बढाउनुको साटो सम्भव भएसम्म छिटो गरेर परीक्षण गर्ने र यसका लागि यातना दिने विधि नै प्रहरीलाई सजिलो हुने भएकाले यो आम प्रवृत्ति बन्न पुगेको छ ।

'अधिकांशतः यातना दिने र अदालतबाट डाक्टरी जाँच गराउने समयको अन्तरका कारण यातना पुष्टि हुन सक्तैन,' मानव( अधिकारका क्षेत्रमा कार्यरत चिकित्सक आईपीएसलाई बताउँछन् । 'यातनाका कारण भएका चोट अत्यन्त छिटो हराउँछन् र सजाय दिने दोषीहरू लामो समयसम्म रहने खत बनाउने प्रकृतिको सजाय पनि दिँदैनन् ।'

यसअतिरिक्त प्राविधिक रूपमा पनि यातना प्रमाणित गर्न कानुनी दृष्टिले समेत कठिन छ । सम्बन्धित मुद्दा हेर्ने न्यायाधीशले तोकेको सरकारी अस्पतालको चिकित्सकले मात्र चोट प्रमाणित गर्नुपर्छ । मानवअधिकार कर्मी संगठनका कर्मचारी अथवा स्वतन्त्र अस्पतालले परीक्षण गरेको प्रमाणपत्रलाई मान्यता दिइन्न ।

ताहाको मुद्दामा न्यायाधीशले अदालतमा प्रारम्भिक सुनुवाइपछि मात्र डाक्टरी जाँच गर्नसकिन्छ भनेर नियम सुनाए । तर परीक्षणका लागि डारफुस टोलीका तर्फबाट निवेदन नै दर्ता गरिएकै छैन ।

'सुडानका वकिललाई तालिम पुगेन,' मानवअधिकार खारटुम केन्द्रमा कार्यरत मनोविज्ञ सादिक अब्सुल सलाम भन्छन् ।

'यातनाका सबालमा कसरी ध्यान दिनुपर्छ भन्ने यथार्थ उनीहरूले बुझ्नुपर्छ, यसका प्रमाण मेटाउन प्रहरी निपुण छ भन्ने बुझेपछि सतर्कताको अवलम्बन आवश्यक हुन्छ,' उनले आईपीएसलाई भने ।

प्रमुख प्रतिरक्षा न्यायाधिवक्ता कामेल ओमार बारम्बार दोहोऱ्याउँछन्, साबिती वयान लिन यातना दिने अभ्यास सामान्य हो । ओमार स्वयंसँग भएको अनुभव के भने, उनलाई रातभर यातना दिइयो, अभियोग कबुल गराइयो र यस विषयमा आईपीएसलाई भनिस् भने ठीक हुँदैन भनेर धम्की पनि दिइयो ।

मोहम्मद सेरिफको पनि यस्तै अनुभव छ । उनी गतवर्ष कानुनी समूहबाट राजीनामा दिनुअघि यसै मुद्दामा काम गर्थे ।

'कुनै पनि प्रकारको यातना पाएको व्यक्तिले कुनै अपराधमा साबिती बयान दियो भन्नासाथ त्यसमा शंका गर्नैपर्छ,' उनले आईपीएसलाई भने ।

सुडानी कानुनी पद्धतिमा यातना, महामारीका रूपमा रहेको र यसका सन्दर्भमा चर्चा पनि हुने

गरेको पाइन्छ । यातना नदिईकन किनारा लागेको मुद्दा अनौठो मान्नुपर्ने स्थिति छ ।

मुलुकमा धेरै मानवअधिकारकर्मी अधिवक्ताहरू सुडानमा यातना गम्भीर समस्या रहेको टिप्पणी गर्दछन् तर उनीहरू सबैसँग आनो कुराको पुष्टि गर्ने भरपर्दो प्रमाण भने छैन किनभने पीडित व्यक्ति आनो समस्या प्रकट गरेर बाहिर आउन चाहादैनन् । लण्डनस्थित प्रचारक तथा यातना विरुद्धको सुडानी संस्थाका अनुसार प्रहरीबाट यातना दिने कार्य हुने र उनीहरू नै कानुन कार्यान्वयन गर्ने निकाय पनि भएकाले न्यायको पहुँचबाट सुडानका अपराधीहरू उम्किन सफल भएका छन् ।

सरकारी निकायका रूपमा रहेको मानवअधिकारका लागि परामर्श निकायका समाधिक्षक अब्दुल मोनी ओस्मान यातनाले संस्थागत स्वरूप ग्रहण गरेको कुराप्रति भने असहमति जनाउँछन् ।

‘विश्वमा सुडान न्यून परिमाणमा मात्र यातना दिने मुलुकमा पर्दछ’ उनले आईपीएसलाई भने । ‘मानवअधिकार कर्मी अधिवक्ताहरू अन्तरराष्ट्रिय सहानुभूति पाउनका लागि स्वार्थवश यातनाका कुरा निकाल्छन् तर यथार्थ त्यस्तो छैन ।’ उनका अनुसार ताहाका हत्याराहरूको मुद्दा स्वच्छ रूपमै चलाइएको हो र उनीहरूलाई यातना दिइएको भन्ने कुरो प्राप्त हुन नसकेको विषय हो । कसैले बोलेर अपराध कबुल गर्‍यो भनेर मात्र मुद्दा अघि बढ्ने होइन, त्यसलाई पुष्टि गर्ने अन्य पक्षहरू वा प्रमाणहरू पनि संलग्न गरिन्छ । त्यसैले यातना दिइएरै कसैलाई केही काम गर्न बाध्य पारियो र मुद्दा किनारा लगाइयो भन्ने आरोप सत्य हुनसक्तैन । ओस्मानले सरकारलाई हालै एक प्रतिवेदन प्रस्तुत गर्दै राष्ट्रसंघीय यातना विरुद्धको महासन्धिमा सुडानले हस्ताक्षर गरेको उल्लेख गरेका छन् ।

मानवअधिकारकर्मी अधिवक्ता तथा संगठनहरू यातना दिने अभियुक्तहरूका विरुद्ध सरकारले पीडकहरूसँग थोरै समय बोल्ने र धेरै समय लिने कार्यमा लगानी गर्नुपर्दछ भन्छन् ।

‘यातना दिने कार्यमा संलग्न सबै व्यक्तिलाई कारबाहीको दायरामा ल्याउनु पर्दछ,’ नाम उल्लेख गर्न नचाहने एक अधिवक्ताले भने । ‘जबसम्म हामी मुलुकमा कायम रहेको यातनाका स्वरूपहरूलाई पहिचान गर्नसक्तैनौं मृत्युदण्डको सजाय पाएर जेलमा रहेका व्यक्तिहरूले प्राप्त गरेको सजाय यथार्थमा आधारित छ भन्न सकिन्न ।

ताहाको हत्यामा दोषी मानिएका ती व्यक्तिहरू ओराबा बन्दी गृहमा सुडानको राजधानी खारतुङस्थित कोबार जेलमा रहेका छन् । यसै जेलमा रहेका अन्य पाँच बन्दीलाई गत फेब्रुअरी महिनामा मृत्युदण्ड दिइएको थियो । उनीहरूलाई एक किसानको हत्या गरेको अभियोग थियो । उनीहरू पनि किसान नै हुन् ।

२००५ मा मानवअधिकार निगरानी नामक संस्थाले सुडानमा मृत्युदण्डको सजाय पाएर त्यसको कार्यान्वयनमा प्रतीक्षारत करिब तीन सय बन्दीहरू रहेको अनुमान गरेको थियो । हालै प्रकाशित एम्नेस्टी इन्टरनेशनलको प्रतिवेदनमा पनि ‘सुडान यस्तो अफ्रिकी मुलुक हो जसले हरेक वर्ष मृत्युदण्डको कार्यान्वयन सबैभन्दा बढी परिमाणमा गर्दछ,’ भनिएको छ । प्रतिवेदनका अनुसार सुडानमा २००६ मा ६५ भन्दा बढी व्यक्तिलाई मृत्युदण्ड दिइएको थियो ।

**बाट : नेपाल प्रेस इन्स्टिच्यूट**
**थापाथली–७०७ प्रशुतिगृह मार्ग**
**पोष्ट बक्स नं. ४१२८, काठमाडौं, नेपाल**
**फोन नं. ४–२६४१५५, ४–२६६४१८**
**फ्याक्स नं. २६४१५४**

**लाई :**